THE LEGAL AID SOCIETY
Justice in Every Borough.

# प्रोत्साहन रकमको तेस्रो चरण: मार्च 2021 बाट सुरु हुने राहत छुट लाभहरू

**अस्वीकृत: यो सुझाव पुस्तिका The Legal Aid Society द्वारा तयार पारिएको हो । यो सुझाव पुस्तिका कानुनी सुझाव होइन, यसले बसाई सराई, कर, र/वा लाभ विशेषज्ञहरूका सुझावलाई विस्थापित गर्दैन । यसमा दिइएका जानकारी यो कागजातको फेदमा दिइएको मितिमा तयार गरिएको हो । तर यो जानकारी परिवर्तन हुन सक्छ ।**

## अमेरिकी उद्धार योजना ऐन, 2021 (American Rescue Plan Act of 2021) भनेको के हो?

अमेरिकी उद्धार योजना ऐन, 2021, करिब $1.9 ट्रिलियन-डलर बराबरको संघीय अध्यादेश हो जसलाई राष्ट्रपति बाइडेनले मार्च 11, 2021 मा हस्ताक्षर गरी कानुनी रूप दिएका थिए । यसमा COVID-19 महामारीको सामना गर्न निम्न अनुसारका विभिन्न व्यवस्थाहरू गरिएका छन्:

- राहत छुट लाभहरू मार्फत व्यक्तिगत रूपमा पैसा,
- थप गरिएका बेरोजगार बीमा सम्बन्धी लाभहरू, र
- निश्चित संघीय कर क्रेडिटहरूमा हेरफेर ।

नोट: राहत छुट (RRC) को अग्रिम भुक्तानी नै आर्थिक प्रभाव भुक्तानी (EIP) हो । यसर्थ, तपाईंले आफ्नो 2020 को कर फिर्ता हुँदा EIP लाई RRC ले जनाएको देख्नुहुने छ ।

## राहत छुट लाभ भनेको के हो ?

अन्य विभिन्न कुराहरूको साथ साथै अमेरिकी उद्धार योजनाले राहत छुट लाभ प्रदान गर्छ, जुन COVID-19 महामारीको समयमा संघीय सरकारले प्रदान गर्ने तेस्रो चरणको भुक्तानी हो । यो रकम $80,000 भन्दा कम आम्दानी भएका व्यक्ति, $160,000 भन्दा कम आम्दानी भएका विवाहित जोडी र $120000 भन्दा कम आम्दानी भएका कर तिर्ने परिवारहरूलाई दिइन्छ ।  यी आय रकम आर्थिक वर्ष 2020 बाट लिएको हो र यो रकम तपाईंले तिरेको करमा समायोजन गरिएको कुल आयमा आधारित हुन्छ । तपाईंले यो वर्ष 2020 का करहरू दाखिला गरिसक्नु भएको छैन भने आन्तरिक आय सेवा (IRS) ले तपाईंको 2019 को कर फिर्ता रकमको आधारमा तपाईंको लाभ निर्धारण गर्ने छ ।

## राहत छुट (RRC) बापत कति रकम प्राप्त हुन्छ ?

राहत छुट लाभ रकम पाउन योग्य हरेक व्यक्तिका लागि $1,400 सम्म र हरेक योग्य आश्रित व्यक्तिका लागि $1,400 हुने छ ।

## यो राहत छुटको लाभ (RRC) पाउनका लागि को को योग्य हुन्छन् र को को हुँदैनन् ?

CARES ऐन (जसले मार्च 2020 बाट पहिलो चरणको भुक्तानी दिन सुरु गरेको थियो) र संयुक्त विनियोजन ऐन, 2021 (Consolidated Appropriations Act of 2021) (जसले डिसेम्बर 2020 बाट दोस्रो चरणको भुक्तानी दिन सुरु गरेको थियो) अन्तर्गतको गत सालको आर्थिक राहत छुट लाभको भुक्तानीमा केही हेरफेर गरिएको छ । हालको राहत छुट लाभ लिन योग्य हुनको लागि तपाईं हालको रोजगारीको लागि वैध सामाजिक सुरक्षा नम्बर (SSN) प्राप्त गरेको वयस्क व्यक्ति हुनु जरुरी छ र तपाईं अरू कसैको करमा आश्रित व्यक्ति हुनु हुँदैन ।

तपाईंसँग व्यक्तिगत करदाता परिचय नम्बर (ITIN) मात्र छ भने तपाईं छुट प्राप्त गर्न **अयोग्य** हुनुहुने छ तर तपाईंको जीवनसाथीसँग SSN छ वा तपाईंले कर दाखिला गरेको सालको कुनै पनि समय उहाँ अमेरिकी सशस्त्र बलको सदस्य हुनुहुन्थ्यो भने तपाईं राहत छुट लाभका लागि योग्य हुनुहुन्छ ।

तपाईंका बालबालिकासँग एडप्सन करदाता पहिचान नम्बर (ATIN) छ भने उनीहरू **योग्य** हुनुहुने छ । तर त्यसको लागि तपाईंसँग SSN नम्बर हुनु अनिवार्य हुन्छ ।

तपाईंसँग SSN नम्बर छ र तपाईं मिश्रित आप्रवासी स्थिति (स्ट्याटस) भएको परिवारको सदस्य हुनुहुन्छ भने SSN नम्बर वा ATIN नम्बर भएका परिवारका सदस्यहरू राहत छुट प्राप्त गर्न **योग्य** हुन्छन् । तर ITIN नम्बरहरू भएका वा यी नम्बर नभएका परिवारका अन्य सदस्य भने सबै **अयोग्य** नै हुन्छन् । (अपवादः तपाईंसँग SSN छ र कर दाखिला गरेको वर्षको कुनै पनि समय तपाईं अमेरिकी सशस्त्र बलको सदस्य हुनुहुन्थ्यो भने त्यसले तपाईंलाई राहत छुट  प्राप्त गर्न योग्य बनाउने छ । यस्तो अवस्थामा ITIN भएको खण्डमा तपाईंको जीवनसाथी पनि राहत छुट लाभ पाउन **योग्य** हुनु हुने छ ।)

## यसको लागि मैले के गर्नुपर्छ?

तपाईंले निम्न कुराहरू गर्नु भएको छ भने तपाईंले केही नगरिकन राहत छुट लाभ **स्वतः** प्राप्त गर्नु हुने छः

- तपाईंले वर्ष 2019 को कर फिर्ता पेस गरेको हुनु पर्छ,
- तपाईंले वर्ष 2018 को कर फिर्ता पेस गरेको हुनु पर्छ,
- तपाईंले नोभेम्बर 22, 2020 भन्दा पहिले 2020 को प्रोत्साहन भुक्तानीका लागि नन-फाइलर्स टुलको प्रयोग गरेको हुनु पर्छ,
- तपाईंले सामाजिक सुरक्षा लाभ (अवकाश, अपाङ्गता र सर्भाइबर्स भत्ता समावेश हुने) प्राप्त गर्नु पर्छ,
- तपाईंले पूरक सुरक्षा आयका (SSI) लाभहरू प्राप्त गर्नु पर्छ,
- तपाईंले रेलरोड अवकाश लाभ प्राप्त गर्नु पर्छ, अथवा
- तपाईंले भुपु सैनिक वा उनीहरूका लाभ ग्राहीले प्राप्त गर्ने VA पेन्सन (C&P) प्राप्त गर्नु पर्छ ।

नोट: तपाईंले आफ्नो कर फिर्ता पेस गरेपछि तपाईं राहत छुट स्वत: प्राप्त गर्न योग्य हुनु हुने छ । तर तपाईंले माथि उल्लिखित मापदण्डहरू पूरा गरेको हुनै पर्छ । यसका साथै IRS ले व्यवस्थापन गर्ने सरलीकृत कर फिर्ता फाराम भरेर बुझाएका कुनै पनि व्यक्तिका हकमा पनि यो भुक्तानी आफै आउने छ ।

## मैले यसको लागि कसरी आवेदन दिनुपर्छ ?

तपाईंसँग माथिका कुनै पनि लाभहरू छैनन्, निम्न आय वा आयरहित भएको हुनाले तपाईंले 2019 वा 2018 मा करदाता फाराम भर्नुभएको छैन र तपाईंले नोभेम्बर 22, 2020 भन्दा पहिले IRS.gov मा नन-फाइलर्स टुल रजिस्टर गर्नुभएको छैन भने, तपाईंले आफै प्राप्त हुने भुक्तानी अहिले प्राप्त गर्न सक्नुहुने छैन । बरु, तपाईंले अहिले आफ्नो 2020 को सङ्घीय आयकर फिर्ता **पेस** गर्नुपर्छ र तपाईंको फिर्ता फारामको हरफ 30 मा राहत छुटको लाभका लागि दाबी गरिएको हुनु पर्छ ।

## मसँग बालबच्चाहरू छन् भने के गर्ने ?

तपाईंको 2020 को कर फिर्ता फाराम दाखिलामा (वा 2020 को कर फिर्ता फाराम दाखिला गरिसक्नु भएको छैन भने 2019 को कर फिर्ता फाराम दाखिलामा) आश्रितको रूपमा उल्लेख भएको जुनसुकै (जुनसुकै उमेरका भए पनि) बच्चाको हकमा तपाईं  अतिरिक्त $1400 राहत छुट लाभ प्राप्त गर्न योग्य हुनु हुने छ । यस्तो अवस्थामा उक्त बच्चा अन्य व्यक्तिको करमा आश्रित भएको दाबी गरिएको हुनु हुँदैन र साथै ती बच्चासँग SSN वा ATIN हुनु पर्ने छ ।

## मसँग कलेज पढ्ने बच्चाहरू भएको खण्डमा के हुन्छ ?

तपाईंसँग कलेज पढ्ने बच्चा छन् तर तपाईंले तिनलाई आश्रित देखाउनु भएको छ भने उनीहरू पनि राहत छुट लाभको लागि योग्य हुने छन् । यस्तो अवस्थामा रकम बच्चालाई होइन तपाईंलाई नै दिइने छ ।

हालसालै ग्र्याजुएसन सकेका र आश्रितको रूपमा योग्य हुन नसकेका बच्चाहरू भने आफ्नै कर फिर्ता फाराममा राहत छुट लाभ दाबी गर्न योग्य हुन सक्छन् ।

## मसँग 2021 मा जन्मेको बच्चा भएको खण्डमा के हुन्छ ?

तपाईंसँग 2021 मा जन्मेको बच्चा छ भने तपाईंले आम्दानीसम्बन्धी मापदण्ड पूरा गर्नुभएको छ भने तपाईं उक्त बच्चाको लागि राहत छुट लाभ प्राप्त गर्नुहुने छ ।

**मैले वृद्ध व्यक्तिलाई आश्रित बनाएको खण्डमा के हुन्छ ?**
तपाईंले वृद्ध व्यक्तिलाई आश्रित देखाउनु भएको छ भने ती वयस्क नातेदारहरू पनि राहत छुट लाभको लागि योग्य हुने छन् । यस्तो अवस्थामा रकम आश्रित वृद्धलाई होइन, तपाईंलाई नै दिइने छ ।

**म 2020 को आयको आधारमा राहत छुट लाभ प्राप्त गर्न भर्खर योग्य हुँदै छु तर मैले 2020 को कर फिर्ता फाराम दाखिला गरेको छैन भने के हुन्छ ?**
आफ्नो 2020 को कर सकेसम्म छिटो दाखिला गर्नुहोस् र राहत छुट क्रेडिटको दाबी गर्नुहोस् । IRS वेबसाइटका अनुसार तपाईं वास्तवमा यस वर्षको भुक्तानीको लागि मात्र होइन, गत वर्षका दुई भुक्तानीहरूका लागि समेत योग्य हुन सक्नु हुने छ ।

**मैले कति रकम पाउँछु ?**
तपाईंले पाउने राहत छुट लाभ रकम तपाईंको परिवारको आकार र 2020 को कर फिर्ता फाराममा उल्लेख हुने आयमा (तपाईंले 2020 को कर फिर्ता दाखिला गर्न बाँकी नै छ भने 2019 को कर फिर्ता फाराममा उल्लेख भएको आयमा) निर्भर हुने छ । $75,000 वा सो भन्दा कम आय हुने बच्चा नभएका व्यक्तिहरूलाई वा कर दाखिला गर्ने $112,500 वा सो भन्दा कम आय हुने घरहरूलाई वा $150,000 वा सो भन्दा कम आय हुने विवाहित जोडीका योग्य सदस्यलाई प्रति व्यक्ति $1,400 दिइने छ । यद्यपि, एकल व्यक्तिको हकमा आय बढेर $80,000, घरमुलीको आय बढेर  $120,000 र विवाहित जोडीको आय बढेर $160,000 पुगेको खण्डमा राहत छुट लाभ रकम कम गरिने छ ।

**मैले राहत छुट लाभ रकम कहिले प्राप्त गर्छु?**
सोझै रकम जम्मा गरेर गरिने भुक्तानी सुरु भइसकेको छ । विगतका तालिकाहरू, पेपर चेकहरू मार्च 22, 2021 देखि पत्राचार मार्फत पठाउन सुरु गरिने छ, र आर्थिक असर भुक्तानी (EIP) कार्डहरू मार्च 29, 2021 देखि पत्राचार मार्फत पठाउन थालिने छ । अघिल्ला पटक जस्तै तपाईंले आफ्नो भुक्तानीको अवस्था बुझ्न I.R.S को Get My Payment उपकरण प्रयोग गर्न सक्नु हुने छ ।

**मैले 2020 देखिको राहत छुट लाभ प्राप्त गरेको छैन भने के हुन्छ ?**
यदि तपाईं मार्च 2020 मा (पहिलो आर्थिक पुनरुद्धार भुक्तानीको लागि) वा डिसेम्बर 2020 मा (दोस्रो आर्थिक पुनरुद्धार भुक्तानीको लागि) नै राहत छुट लाभका लागि योग्य हुनुहुन्थ्यो तर तपाईंले ती रकमहरू प्राप्त गर्नु भएको थिएन भने तपाईंले 2020 को कर फिर्ता दाखिला गर्दा आर्थिक राहत क्रेडिटको दाबी गरेर ती रकम पुनः प्राप्त गर्ने प्रयास गर्न सक्नु हुनेछ । IRS फाराम 1040 वा 1040-SR को लाइन 30 मा यो दाबी गर्नुहोस् ।

**मैले राहत छुट लाभ प्राप्त गरिकेको छु तर त्यसमा मेरा बच्चाहरूले पाउने अतिरिक्त रकम सामेल थिएन, मैले यस्तो अवस्थामा के गर्न सक्छु?**
तपाईंले यस वर्ष आर्थिक राहत रकमसँगै बच्चाहरूको लागि पाउने रकम नपाएको अवस्थामा प्रति बच्चा अतिरिक्त $1400 प्राप्त गर्न 2021 मा 2020 को कर फिर्ता फाराम दाखिला गर्नुपर्ने हुनसक्छ ।

**मेरो श्रीमान/श्रीमती र मैले संयुक्त रूपमा कर तिर्यौं, तर हामी मध्ये एक जनासँग मात्र सामाजिक सुरक्षा नम्बर (SSN) छ र अर्कोसँग चाहिँ ITIN मात्र छ भने के हुन्छ त ?**
यो कुनै समस्या होइन । श्रीमान वा श्रीमतीमध्ये जसको SSN नम्बर छ, उसैले राहत छुटको लाभ प्राप्त गर्न सक्छ र अर्कोले प्राप्त गर्ने छैन ।

> **अपवाद:** SSN भएको जीवनसाथी तपाईंले कर दाखिला गरेको सालको कुनै पनि समय अमेरिकी सशस्त्र बलको सदस्य हुनुहुन्थ्यो भने तपाईं राहत छुटका लागि योग्य हुनुहुन्छ, यस्तो अवस्थामा ITIN भएको जीवनसाथीले समेत राहत छुट लाभ रकम प्राप्त गर्ने छन् ।

**मैले राहत छुट लाभ रकम पछि फिर्ता गर्नु पर्छ?**
पर्दैन । राहत छुट लाभ रकम विशिष्ट किसिमको कर क्रेडिट हो, जुन भविष्यमा कुनै पनि हिसाबले फिर्ता हुन्न । तपाईंले सही हिसाबले यो रकम प्राप्त गरेको खण्डमा तपाईंले यो रकम फिर्ता गर्नु पर्दैन । यो रकम केहीबाट पनि काटिन्न । यो ऋण होइन, यो कर पुनर्भुक्तानी हो ।

**राहत छुट लिँदा यसले मलाई अध्यागमन कानुनले दोषी ठहराउँछ वा मेरो आप्रवासी स्थितिमा कुनै असर पर्छ ?**
अहँ । राहत छुट लिँदा तपाईंको आप्रवासी स्थितिको सम्बन्धमा कुनै असर पर्दैन । तपाईंले उचित रूपले यो छुट प्राप्त गर्नुभएको छ भने तपाईंको अध्यागमन स्थितिको सन्दर्भमा कुनै असर हुने छैन ।

**राहत छुट लिएको कुराले मैले प्राप्त गर्ने सरकारी लाभहरूमध्ये कुनैको कटौती हुने वा सो सेवाको लागि मलाई अयोग्य ठहराउने सम्भावना हुन्छ ?**
अहँ । राहत छुटको त एकपल्ट प्राप्त हुने कर फिर्ता मात्रै हो । सरकारी सहायता, मेडिकेड, खाद्य सहायता (SNAP), SSI, सेक्सन 8 र NYCHA लगायतका सरकारी लाभहरू प्राप्त गर्ने कुराका सन्दर्भमा राहत छुटले आयको रूपमा मान्यता प्राप्त गर्दैन ।
SSI का लागि 12 महिनासम्म यो रकम $2,000 को आय सीमा (व्यक्तिका लागि) वा $3,000 को आय सीमा (दम्पतीका लागि) मा जोडिँदैन । सार्वजनिक सहायताको रूपमा रकम प्राप्त गर्ने व्यक्तिहरूको हकमा यो रकम $2,000 को आय सीमा वा $3,000 को आय सीमा (60+ वर्ष माथिका व्यक्तिको हकमा) मा जोडिँदैन ।

**राहत छुट बापत प्राप्त हुने रकमबाट ऋण चुक्ता गरिन्छ, गर्न पाइन्छ ?**
अहँ । राहत छुट रकमबाट रकम असुली गरिँदैन । यो रकम बाल सहायता लगायतका सङ्घीय वा राज्यको ऋणहरू तिर्न प्रयोग गर्न मिल्दैन । त्यस्तै, यो रकमबाट निजी ऋण पनि असुल उपर गर्न पाइँदैन ।

**म राहत छुट प्राप्त गर्न अयोग्य छु, तर मैले झुक्किएर यसलाई प्राप्त गरेको छु भने के हुन्छ त ?**
हामीलाई लाग्छ तपाईंले राहत छुटको प्राप्त गर्नुभयो, तर तोकेको सीमाभन्दा बढी आय भएको हुनाले यो प्राप्त गर्न मिल्दैनथ्यो भने पनि IRS ले तपाईंलाई त्यो रकम फिर्ता गर्न लगाउने छैन । गत वर्षको प्रोत्साहन भुक्तानीमा यस्तै भयो र अहिलेको राहत छुटको भुक्तानीमा पनि यस्तै होला भन्ने हाम्रो आशा छ ।

तर तपाईंको आप्रवासी स्थितिसम्बन्धी कारणले राहत छुटको लिन तपाईं अयोग्य हुनुहुन्थ्यो, तर तपाईंले कसै गरी झुक्किएर यो रकम प्राप्त गर्नुभयो भने आप्रवासी स्थितिको सम्बन्धमा कुनै किसिमको नकारात्मक असर नपरोस् भन्नका खातिर तपाईंले यो रकम IRS मा फिर्ता गर्दा राम्रो हुन्छ ।
गत वर्ष दिएको प्रोत्साहन भुक्तानीका सन्दर्भमा IRS ले सुरुमा कैदी बन्दीहरू यो प्रोत्साहन भुक्तानी पाउन योग्य हुँदैनन् भन्ने दाबी गर्दै कुनै कैदी बन्दीलाई प्रोत्साहन भुक्तानी दिएको भए, त्यो IRS लाई नै फिर्ता गर्नू भन्ने आदेश पनि दियो । मुद्दा समाधान भएकाले यो कुरा कुनै समस्याको रूपमा रहेको छैन । कुनै व्यक्तिहरू मार्च 27, 2020 देखि वर्तमान समयसम्म जेलमा कैदी बनेका छन्, तर उनीहरूले गत वर्षको भुक्तानी प्राप्त गर्ने सर्त पूरा गरेका छन् भने, उनीहरू यो लाभ लिन सक्छन् । वर्तमान राहत छुटका सम्बन्धमा पनि यो कुरा लागु हुन्छ ।

मृतक व्यक्तिहरू वा निष्क्रिय इस्टेट वा ट्रस्ट अयोग्य नै रहने छन् र IRS ले राहत छुटको पाउने व्यक्तिलाई भुक्तानी पठायो, तर त्यो व्यक्तिले भुक्तानी प्राप्त गर्नुभन्दा पहिले नै उसको मृत्यु भयो भने, त्यो राहत छुट रकम IRS लाई फिर्ता गर्नु पर्ने छ ।

**बेरोजगार बिमा बापत प्राप्त हुने क्षतिपूर्तिको विस्तार**
नियमित बेरोजगार बिमा (UI) बापत प्राप्त हुने क्षतिपूर्ति अरू 25 हप्ताका लागि थप गरिएको छ, र यो रकम हरेक हप्ता $300 का दरले वृद्धि गरिने छ । यसमा विश्वव्यापी महामारीको बेरोजगार सहायता (PUA), समावेश हुन्छ । यो सहायताले परम्परागत रूपमा अयोग्य हुने अल्पकालीन कामदारहरू (gig economy workers) र स्वतन्त्र ठेकेदार जस्ता कामदारहरूलाई पनि लाभ प्रदान गर्ने छ ।

महामारी आपतकाल बेरोजगार क्षतिपूर्ति (PEUC) मार्च 14, 2021 मा अन्त्य हुने योजना थियो तर त्यो समेत अधिकतम 79 हप्ताका लागि बढाइएको छ । मार्च 14, 2021 यता नियमित 26 हप्ता भन्दा बढी हप्ता लाभ पाइरहेका व्यक्तिहरूले आफ्नो लाभ पाउने अधिकतम हप्ता नपुगिन्जेल सेप्टेम्बर 6, 2021 सम्म सो लाभ पाइरहने छन् ।

सुविधाको लागि पर्खिनु पर्ने अवधिसम्बन्धी नियम लागू नगर्ने राज्यहरूले सङ्घीय कोशबाट रकम प्राप्त गर्ने छन् । स्वरोजगारबाट कमसेकम $5000 आय आर्जन गर्ने कामदारहरूले हरेक हप्ता अतिरिक्त $100 को लाभ प्राप्त गर्न सक्छन् । यो UI मा भएको कम भुक्तानी समायोजित गर्ने मिश्रित अर्नर बेरोजगारी भत्ता हो ।

बेरोजगार भुक्तानीहरू कर लाग्ने किसिमका भए पनि नयाँ कानुनले $150,000 भन्दा कम आय भएका व्यक्तिहरूका लागि लाभको पहिला प्राप्त गरेको $10,200 सम्मको रकममा कर नलाग्ने बनाएको छ । यो नियम 2020 का लागि मात्र लागू हुने छ ।

**बाल कर लाभ तथा आर्जित आय कर क्रेडिट**

बाल कर क्रेडिट (CTC) तथा (आर्जित आय क्रेडिट [EIC] पनि भनिने) आर्जित आयकर लाभ (EITC) को गणना 2020 मा विगतमा भन्दा भिन्न किसिमले गरिने छ । हरेक क्रेडिटका हकमा, पूर्ण क्रेडिट प्राप्त गर्न तपाईंले लागि परिवारको आकारको आधारमा निश्चित रकम आर्जन गरेको हुनु पर्छ । तर विश्वव्यापी महामारीको समयमा धेरै मानिसले आफ्ना कामहरू नै गुमाउनुपर्‍यो वा थोरै घण्टा मात्र काम गर्नुपर्यो । उनीहरूले सामान्यतया थोरै आय आर्जन गरेका हुनाले यस्ता लाभ प्राप्त गर्न योग्य छन् । 2020 मा थोरै आय आर्जन भएको हुनाले तपाईंले आफू यी लाभ प्राप्त गर्न योग्य हुनु हुन्न भनेर बुझेको हुन सक्छ । तर 2020 को कर गणना गर्दा CTC र EITC को गणनाको लागि तपाईंको 2019 को आयलाई पनि प्रयोग गर्न सकिने व्यवस्थासमेत नयाँ राहत छुट ऐनले गरेको छ । आशा छ, यसले तपाईंलाई यी लाभ प्राप्त गर्न योग्य हुन सहायता गर्ने छ ।

यसका साथै हरेक योग्य बच्चाको लागि दिइने $2,000 बराबरको प्रचलित CTC लाई वृद्धि गरेर प्रति बच्चा $3,000 बनाइएको छ (5 वर्ष वा सो भन्दा मुनिका बच्चाहरूको लागि $3,600), र  पहिला यसका लागि योग्य हुन 16 वर्ष पुग्नु पर्नेमा अहिले बढाएर 17 वर्ष बनाइएको छ ।

तपाईंले केही क्रेडिट आफ्नो 2021 को करको अग्रिम भुक्तानीको रूपमा प्राप्त गर्न सक्नु हुनेछ । (तपाईंले आफ्नो इच्छा अनुसार अग्रिम भुक्तानी नलिन पनि पाउनु हुने छ ।) कानुनले क्रेडिटलाई पूर्ण रूपमा पुनर्भुक्तानी गर्न मिल्ने बनाएको छ, जसको कारण तपाईंको कर बिल घटेर शून्य भएको बेला समेत कर पुनर्भुक्तानीको रूपमा रकम प्राप्त गर्न सक्नु हुने छ । आउने छ महिनाको लागि उक्त रकमको आधा रकम बराबर समेत तपाईंलाई अग्रिम भुक्तानी गर्न सकिने छ (तपाईंको 2020 को कर विवरणमा आधारित भएर वा 2020 को कर फिर्ता दाखिला गरि सक्नु भएको छैन भने 2019 को कर विवरणमा आधारित भएर) ।

नोट: यी भुक्तानीहरू कति पटक गरिन्छन् भन्ने कुरा प्रष्ट भएको छैन ।

**बाल तथा आश्रित हेरचाह क्रेडिट**

बाल तथा आश्रित हेरचाह क्रेडिटले काम गरिरहेका परिवारहरूलाई 13 वर्ष भन्दा कम उमेरका बच्चाहरू तथा अन्य आश्रित व्यक्तिहरूको हेरचाह खर्च व्यवस्थापन गर्न सहयोग गर्छ, यसलाई कर वर्ष 2020 मा उल्लेख्य रूपमा वृद्धि गरिने छ । यस वर्ष मात्र दुई वा सो भन्दा बढी योग्य व्यक्तिका लागि दिइने अधिकतम $2,100 बराबरको क्रेडिटलाई बढाएर एक योग्य व्यक्तिको लागि $4,000 र दुई वा सो भन्दा बढी योग्य व्यक्तिको लागि $8,000 बनाइएको छ ।

कानुनले क्रेडिट कम हुन थाल्ने आयको स्तरलाई पनि उल्लेख्य रूपमा वृद्धि गरेको छ । विगतका वर्षहरूमा मिलान गरिएको कुल आय $15,000 देखि क्रेडिट घटाउन सुरु गरिने गरेकोमा यो वर्ष कुल आय $125,000 देखि मात्र क्रेडिट घट्न सुरु हुने व्यवस्था गरिएको छ ।

त्यसका साथै राहत छुट लाभको तेस्रो चरणमा तपाईंलाई क्रेडिट पुरै पुनर्भुक्तानी गर्न मिल्ने बनाइएको छ, तपाईंको करको बिल शून्य भएको समयमा समेत तपाईं यसलाई पुनर्भुक्तानीको रूपमा सङ्कलन गर्न सक्नु हुने छ ।